# कृषि सामग्री कम्पनी लिमिटेड

## योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा

प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँ

## मसलन्द तथा छपाइका सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०३।०५**

आर्थिक वर्ष २०८२/८३ मा यस कम्पनीका लागि मसलन्द तथा छपाइका सामानहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट आपूर्ति गर्न आपूर्तिकर्ताको छनोट गर्नुपर्ने भएकोले उक्त सामानहरू आपूर्ति तथा कारोबार गर्ने स्वीकृति प्राप्त र म्याटमा दर्ता भएका इच्छुक सप्लायर, फर्म, कम्पनी वा संस्थाबाट तपसिलमा उल्लिखित शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र फाराम भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | दरभाउपत्र खरिद अन्तिम मिति | दरभाउपत्र दर्ता अन्तिम मिति | बिडबन्ड रकम रु. | दरभाउपत्र फाराम शुल्क रु. | दरभाउपत्र खरिद र दर्ता गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|---|
| मसलन्द तथा छपाइका सम्पूर्ण सामान | २०८२।०३।१९ | २०८२।०३।२० (१२:०० बजेभित्र) | ५२,०००।– (बाउन्न हजार) | १,०००।– (एक हजार) | प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँ |

**तपसिल**

१) सिलबन्दी दरभाउपत्र फाराम माथि उल्लिखित दस्तुर (फिर्ता नहुने गरी) नगदै तिरी खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र साथ फर्म/कम्पनी/संस्था दर्ता, प्यान, मूल्य अभिवृद्धि कर, आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्व–घोषणापत्र सहित पेश गर्नुपर्नेछ ।

२) सिलबन्दी दरभाउपत्र फाराम उल्लिखित मितिमा कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद दरभाउपत्रहरू उल्लिखित मितिको दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ । रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्र सोही दिन दिनको १:०० बजे दरभाउपत्र दाता तथा विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । सिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम दिन तथा सिलबन्दी दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरू त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

३) आफूले बोल कबोल गरेको सामानको प्रति एकाइ भ्याट बाहेकको दररेट अङ्क र अक्षरमा प्रस्ट लेख्नुपर्नेछ । अङ्क स्पष्ट नभएमा अक्षरमा उल्लेखित दररेटलाई मान्यता दिइनेछ ।

४) सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्दा कार्यालयले तोकेको बिडबन्ड रकम टेकूस्थित यस कम्पनीको नाममा रहेको एभरेस्ट बैंक लि. हि.नं. ०१०००१०५०००४०२ मा नगदै जम्मा गरी सोको सक्कलै बैंक भौचर वा दरभाउपत्र खोल्दाको मितिबाट कम्तीमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बिडबन्ड बापतको बैंक जमानी पत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

५) सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।

६) सिलबन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट पेश गर्नुपर्नेछ ।

७) कुनै शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुनेछैन ।

८) सिलबन्दी दरभाउपत्रको खामको बाहिर नाम, ठेगाना, छाप, विषय र सम्पर्क मो.नं. र इमेल ठेगाना स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

९) सिलबन्दी दरभाउपत्र पूर्ण/आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।

१०) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र ०१–५३७९३६३ मा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।